नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को
नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

(२०८३ बैशाख १ गतेदेखि २०८३ असार मसान्तसम्म)

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

१. निकायको स्वरुप र प्रकृति

नेपालमा श्रमको मर्यादित र सुरक्षित व्यवस्थापनबाट रोजगारी सृजना, रोजगारीका लागि सीपयुक्त र आवश्यक जनशक्तिको विकास, श्रम तथा व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको प्रवर्द्धन, बाध्यकारी श्रम निवारण लगायतका काम मन्त्रालयबाट हुँदै आएको छ । वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनु र वैदेशिक रोजगारबाट आर्जित सीप, प्रविधि र पुँजीको उपयोगबाट आन्तरिक रोजगारी प्रवर्द्धन गर्नु पनि यस मन्त्रालयको जिम्मेवारी रहेको छ ।

मन्त्रालयको स्थापना हुनु अघि वि.सं.२०२८ मा श्रम सम्बन्धी मामिला हेर्न उद्योग मन्त्रालय अन्तर्गत श्रम विभागको स्थापना भएको थियो । श्रम विभाग स्थापना भएको एक दशक पछि वि.सं. २०३८ मा श्रम तथा समाजकल्याण मन्त्रालयको स्थापना भयो । नेपाल सरकारको कार्यविभाजन नियमावली परिवर्तन भई वि.सं.२०५२ मा समाज कल्याणको क्षेत्र अलग गरी श्रम मन्त्रालय मात्र कायम भएकोमा वि.सं.२०५७ मा यातायात व्यवस्थापनको क्षेत्र समेत समायोजन भइ श्रम तथा यातायात व्यवस्था मन्त्रालय कायम हुन गयो । यसै क्रममा वि.स.२०६९ मा यातायात व्यवस्थाको क्षेत्र अन्यत्र लगी श्रम तथा रोजगार मन्त्रालय नामाकरण भयो । यसैगरी वि.सं. २०७४ मा कार्यक्षेत्र विस्तार भई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय रहेकोमा हाल मन्त्रालयहरु समायोजनको क्रममा नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ बमोजिम युवा, श्रम तथा रोजगार मन्त्रालय कायम भएको छ ।

२. निकायको काम, कर्तव्य र अधिकार

नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कार्यक्षेत्र देहाय बमोजिम रहेको छः

क. श्रम तथा रोजगार सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
ख. वैदेशिक रोजगार सम्बन्धी नीति, कानून, मापदण्ड, व्यवस्थापन र नियमन,
ग. श्रमिक तथा कामदारको सामाजिक सुरक्षा र सामाजिक सुरक्षा कोष सञ्चालन सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
घ. औद्योगिक विवाद समाधान,
ङ. रोजगार सम्बन्धी तथ्यांक, अध्ययन र अनुसन्धान,
च. श्रम तथा व्यवसायजन्य सुरक्षा निरीक्षण र श्रम सम्बन्ध सम्बन्धी आयोग,
छ. रोजगार उन्मुख सीपमूलक एवम् व्यवसायिक तालिम नीति,
ज. ट्रेडयुनियन सम्बन्धी एकिकृत कानून र नियमन,
झ. बालश्रम निवारण सम्बन्धी नीति र कानून,
ञ. व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा सम्बन्धी नीति, कानून र मापदण्ड,
ट. विदेशीहरुका लागि श्रम स्वीकृति,
ठ. श्रम सहचारी,
ड. बेरोजगार सम्बन्धी एकिकृत तथ्यांक व्यवस्थापन, अध्ययन र अनुसन्धान,
ढ. मन्त्रालय सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
ण. मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन ।

नेपाल सरकार
श्रम, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

३. निकायमा रहेका महाशाखा एवं शाखाहरुको विवरणः

यस मन्त्रालय अन्तर्गत प्रशासन तथा योजना महाशाखा, वैदेशिक रोजगार व्यवस्थापन महाशाखा, श्रम सम्बन्ध तथा सामाजिक संरक्षण महाशाखा र आन्तरिक रोजगार व्यवस्थापन महाशाखा रहेका छन् । प्रशासन तथा योजना महाशाखा अन्तर्गत प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, नीति, योजना तथा बहुपक्षीय समन्वय शाखा र कानून तथा फैसला कार्यान्वयन शाखाहरु रहेका छन् । रोजगार व्यवस्थापन महाशाखा अन्तर्गत रोजगार आप्रवासन नित शाखा र वैदेशिक रोजगार व्यवस्थापन शाखा रहेका छन् । त्यस्तैगरी श्रम सम्बन्ध तथा सामाजिक संरक्षण महाशाखा अन्तर्गत श्रम सम्बन्ध शाखा, वाध्यकारी श्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा र श्रमिक कल्याण तथा सामाजिक संरक्षण शाखा रहेका छन् । त्यसैगरी हाल यस मन्त्रालयको नयाँ O&M पारित भएपछि आन्तरिक रोजगार व्यवस्थापन महाशाखा थप भई चारवटा महाशाखाहरु रहेको हुँदा सोही वमोजिम शाखाहरु पनि व्यापक हेरफेर भएका छन् । आन्तरिक रोजगार व्यवस्थापन महाशाखा अन्तर्गत रोजगार समन्वय तथा सीप विकास शाखा, रोजगार कार्यक्रम व्यवस्थापन शाखा र सूचना प्रविधि तथा तथ्यांक शाखा रहेका छन् । उपरोक्त महाशाखा तथा शाखाहरुको विस्तृत कार्य विवरण यस मन्त्रालयको वेवसाइट www.moless.gov.np मा राखिएको छ ।

४. निकायमा रहने दरवन्दी र कर्मचारी संख्या

मन्त्रालयमा राजपत्रांकित र राजपत्र अनंकित (स्थायी एवम् करार) जम्मा ८२ र अस्थायी दरवन्दी जम्मा १६ गरी कूल स्वीकृत दरवन्दी ९८ रहेको छ । यस मन्त्रालयको दरवन्दी एवं संगठन संरचना देहाय वमोजिम रहेको छः-

अनुसूची-१.१

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रस्तावित संगठन संरचना



भरतमणि सुवेदी
सचिव

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
श्रम, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
श्रम, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

५. प्रमुख एवम् उजुरी सुन्ने अधिकारी र सूचना अधिकारीको नाम र पद

प्रमुखः डा. दिपक काफ्ले, सचिव
प्रवक्ताः श्री पिताम्बर घिमिरे, सह-सचिव
सहायक प्रवक्ताः श्री मेघनाथ रिमाल, उप-सचिव
सूचना अधिकारीः श्री नरेश प्रसाद दास, उप-सचिव
गुनासो सुन्ने अधिकारीः श्री मेघनाथ रिमाल, उप-सचिव
लैङ्गिक सम्पर्क अधिकारीः श्री रेणु कुमारी साह, शाखा अधिकृत
मन्त्रालयको वेवसाइटः www.moless.gov.np

६. नीति, ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

नीति

- राष्ट्रिय रोजगार नीति,२०७१
- वैदेशिक रोजगार नीति,२०६८
- राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६

ऐन

- रोजगारीको हक सम्बन्धी ऐन, २०७५
- श्रम ऐन, २०७४
- योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४
- वैदेशिक रोजगार ऐन, २०६४
- ट्रेड युनियन ऐन, २०४९
- बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०४९
- बोनस ऐन,२०३९

नियमावली

- वैदेशिक रोजगार नियमावली,२०६४
- वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८
- रोजगारीको हक सम्बन्धी नियमावली, २०७५
- श्रम नियमावली, २०७५
- श्रम अदालत कार्यविधि नियमावली, २०५२
- योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५
- सामाजिक सुरक्षा कोष नियमावली,२०७५
- बालश्रम(निषेध र नियमित गर्ने) नियमावली,२०६२
- बोनस नियमावली, २०३९
- ट्रेड युनियन नियमावली, २०५०
- बालबालिका (विकास तथा पुनस्थापना) कोष नियमावली, २०५३

मुख्य निर्देशिका/कार्यविधि/मापदण्ड

- विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६
- रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५
- श्रम अडिट मापदण्ड, २०७५
- ध्वनी र प्रकाश सम्बन्धी मापदण्ड,२०७३
- वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण र अनुगमन सम्बन्धी कार्यविधि, २०७२
- सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५
- वैदेशिक रोजगारमूलक सीप विकास तालिम सञ्चालन कार्यविधि, २०७४
- श्रम सहचारी नियुक्ति सम्बन्धी, २०७३
- वैदेशिक रोजगार बोर्डको कार्यसञ्चालन कार्यविधि, २०६८
- कार्यस्थलमा आधारित एप्रेन्टिशिप तालिम कार्यविधि, २०७६
- आन्तरिक व्यवस्थापन निर्देशिका, २०७५
- वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको कानुनी प्रतिरक्षा सम्बन्धी निर्देशिका, २०७५
- विदेशी नागरिकहरुको श्रम इजाजत व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७५
- वैदेशिक रोजगारमा घरेलु कामदारलाई व्यवस्थित गर्ने सम्बन्धी निर्देशिका, २०७३
- ईट्टा उद्योगमा काम गर्ने श्रमिकको व्यवसायजन्य सुरक्षा एवम् स्वास्थ्य सम्बन्धी निर्देशिका, २०७६
- कोभिड-१९ को विश्वव्यापी संक्रमणका कारण वैदेशिक रोजगारीको क्रममा अलपत्र परेका नेपाली कामदारको उद्दार गरी स्वदेश फिर्ता गर्ने सम्बन्धी निर्देशिका, २०७७
- इजरायलमा नेपाली सहयोगी कामदार पठाउने सम्बन्धी निर्देशिका, २०७८
- जापानमा निश्चित सीपयुक्त श्रमिक पठाउने सम्बन्धी कार्यविधि, २०८०
- गणतन्त्र कोरियामा सीपयुक्त श्रमिक पठाउने सम्बन्धी कार्यविधि, २०८०
- वैदेशिक रोजगार ठगीका उजुरीको मेलमिलाप तथा सिफारिश गर्ने कार्यविधि, २०८०
- श्रमाधान कल सेन्टर (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१
-

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

७. मन्त्रालयको शाखागत रुपमा सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति विवरणः

(क) प्रशासन तथा योजना महाशाखा

१. <u>प्रशासन शाखा</u>

सि.नं.	विषय	कार्य प्रगति
१	नेपाल सरकार, मन्त्रिपरिषदको निर्णय कार्यान्वयन	• यस मन्त्रालयबाट नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्तुत हुने विभिन्न प्रस्तावहरु प्रणाली मार्फत पठाउन सहजीकरण गरी Cabinet Decision Implementation Monitoring System मार्फत यस मन्त्रालयलाई प्राप्त हुने प्रगति विवरणहरु नियमित रुपमा अध्यावधिक गरिएको ।
२	सरुवा/काज/पदस्थापन/ रमाना/नियुक्ति	• यस अवधिमा जम्माः- क) सरुवा - X ख) पदस्थापन - १५ ग) रमाना- ३८ घ) अनिवार्य अवकाश/राजिनामा स्वीकृत- २ ङ) नियुक्तिः X
३	मनोनयन	• वेदेशिक मनोनयन- विभिन्न विषयका ३ वटा कार्यक्रमहरुमा सहभागी हुन मनोनयन गरिएको । • सेवाकालीन प्रशिक्षण तालिम मनोनयन PCMD - जना
४	पत्राचार/संचार	• यस अवधिमा जम्मा ३८८ वटा चीठ्ठीपत्रहरु विभिन्न निकायहरुमा पत्राचार गरिएको।
५	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको उजुरी	• यस अवधिमा कूल १३ उजुरी/गुनासो प्राप्त भएकोमा सो फछ्यौंट भएको ।
	राष्ट्रिय सतर्कता केन्द्र	• यस अवधिमा केन्द्रबाट ४ वटा उजुरी/गुनासो फछ्यौंट भएको ।
	अन्य उजुरी गुनासो व्यवस्थापन	• यस अवधिमा अन्य माध्यमबाट प्राप्त १ वटा उजुरी/गुनासो/जानकारी माग भएकोमा सो सबै फछ्यौंट भएको ।
६	खरिद सम्बन्धमा	• मन्त्रालयमा आवश्यक कार्यालय सामग्री खरिद सम्बन्धी कार्य सम्पन्न भएको ।
७	जिन्सी व्यवस्थापन	• यस मन्त्रालयको स्वामित्वमा रहेका सवारी साधन र अन्य सम्पत्तिहरुको बिवरण PAMS मा नियमित रुपमा प्रविष्ट भइरहेको।
८	अन्य	• सचिवस्तरीय बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति विवरण नियमित रुपमा पठाइएको । • मन्त्रालय र मातहतका कार्यालयहरुको मौजुदा संगठन संरचना र दरवन्दीमा पुनरावलोकन गर्न तयार भएको संगठन तथा व्यवस्थापन सर्भेक्षण वमोजिम नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने प्रयोजनार्थ भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार गरिएको । • राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान र वैदेशिक रोजगार बोर्डको कार्यकारी निर्देशक पदपूर्तिका लागि दरखास्त आव्हानको सूचना प्रकाशित गरिएको ।

२. नीति, योजना तथा बहुपक्षीय समन्वय शाखा

- मन्त्रालय र अन्तर्गत निकायहरुको अर्धवार्षिक समीक्षा तथा मन्त्रालयस्तरीय समस्या समाधान समितिको बैठक मिति २०८३।०१।३१ गते सम्पन्न भएको ।
- सुरक्षित आप्रवासन कार्यक्रम निर्देशक समितिको बैठक मिति २०८३।०१।१५ गते सम्पन्न गरिएको ।
- मन्त्रालयको आगामी आ.व. ०८३/८४ को लागि बजेटका बुँदाहरु तयार गरी अर्थ मन्त्रालयमा पेश गरिएको ।
- आगामी आ.व. ०८३/८४ को बजेट कार्यक्रमको कार्यान्वयन कार्ययोजना (माइलस्टोन) तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गरिएको ।
- मन्त्रालय र अन्तर्गत निकायबाट प्राप्त रकमान्तरका लागि अर्थ मन्त्रालयमा पेश गरिएको ।
- व्यवसाय र मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्यक्रम कार्यान्वयन कार्ययोजनाको प्रारम्भिक मूल्यांकनको प्रगति समीक्षा गरिएको ।
- मन्त्रालय र अन्तर्गत निकायसंग सम्बन्धित प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट प्राप्त १०० बुँदे शासकीय सुधार कार्ययोजना उपर साप्ताहिक एवं मासिक प्रगति पठाइएको ।
- मन्त्रालयको ५ वर्षे रणनीतिक योजनाको मध्यावधिक मूल्यांकनको प्रतिवेदन तयार गरिएको ।

३. आर्थिक प्रशासन शाखा:

आ.व. ०८२/८३ — २०८३ बैशाख १ देखि असार मसान्त सम्म

बजेट कोड	बजेट उपशीर्षक	बजेट				खर्च			
		चालु	पुँजीगत	वित्तीय	जम्मा	चालु	पुँजीगत	वित्तीव	जम्मा
३७१०००११	श्रम, रोजगार तथा सा.सु.मं.	१४९८८५८९०	८१०००००	०	१५७९८५८९०	६९१४८७३४	७७६४१३	०	६९९२५१४७
३७१००१०१	रोजगार प्रवर्द्धन कार्यक्रम	३२४५३००००	८३०००००	०	३३२८३००००	१०७२००००	३४४७८०	०	१०७५४४७८९
६०१०००१२३	उपदान	०	०	०	०	०	०	०	०
६०१०००१३३	संचित विदा	१५९०९५३	०	०	१५९०९५३	०	०	०	०
६०१०००१६३	औषधी उपचार	१७५५४६९	०	०	१७५५४६९	०	०	०	०
३७१०००१०२	राष्ट्रिय रोजगार कार्यक्रम	२८२०००००	१३०००००		२९५०००००	१०९३५६९८	४६८८४४		११४०४५४२
३७१००१०४	वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुका लागि पुन एकिकरण परियोजना पहिलो चरण	२१०२०००००	७०००००	०	२१०९०००००	६८६७९६७२	६२३७७३	०	६९३०३४४५
कूल जम्मा		७१६१६२३१२	१८४०००००	०	७३४५६२३१२	२५५९६४११३	२२१३८१०	०	२५८१७७९२३

४. कानून तथा फैसला कार्यान्वयन शाखा

- मन्त्रालय विरुद्ध परेका रिट/निवेदनको लिखित जवाफ सम्बन्धित अदालत समक्ष पेश गरिएको। (सम्मानित सर्वोच्च अदालतमा ३ वटा, सम्मानित उच्च अदालत ३ वटा र प्रशासकीय अदालत १ वटा) ।
- वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्न इच्छुक स्वास्थ्य संस्थाहरुको सूचीकरणको लागि सूचना प्रकाशन गरी आवश्यक काम कारवाही अगाडि बढाइएको ।

- महिला. बालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट प्राप्त "मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक" को मस्यौदामा राय पेश गरिएको ।
- बालश्रम (निषेध तथा नियमित गर्ने) विधेयकको तर्जुमा सहमतिका लागि कानून. न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको ।
- प्रत्यायोजित विधायन "रोजगार सीप तथा उद्यमशीलता सम्बन्धी एकीकृत सेवा प्रवाह कार्यविधि, २०८३" दर्ता तथा प्रकाशनका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा लेखि पठाइएको ।
- विधेयकहरुको प्राथमिकता सहितको सूचीको विवरण कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको ।
- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्राप्त "Cultural Exchange Programme between The Government of The Republic of India and The Government of Nepal for the year 2024–2028" को समझदारीपत्रको मस्यौदामा राय पेश गरिएको ।
- महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयबाट प्राप्त "अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक" को मस्यौदामा राय पेश गरिएको ।
- आ.व. ०८२/८३ का प्रत्यायोजित विधायनहरुको विवरण कानून. न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको ।
- मेडिकल स्वास्थ्य संस्थाहरुलाई चौमासिक प्रगति विवरण माग गरी पत्राचार गरिएको ।
- ९ वटा स्वास्थ्य संस्थाहरुसंग अभिलेख माग गरी परेका उजुरीहरुलाई सम्बोधन गर्न काम कारवाहीका लागि अगाडि बढाइएको ।

(ख) <u>रोजगार व्यवस्थापन महाशाखा</u>

१. <u>वैदेशिक रोजगार व्यवस्थापन शाखा:</u>

- वैदेशिक रोजगार ऐन, २०६४ संशोधनका लागि सरोकारवालाहरुको रायका लागि ७ दिनभित्र राय सुझाव माग गरी यस मन्त्रालयको website मा राखिएकोमा प्राप्त भएका राय उपर छलफल गरी संशोधन विधेयकको मस्यौदामा समावेश गरिएको ।
- वैदेशिक रोजगार ऐन, २०६४ को संशोधन प्रस्ताव सम्बन्धमा पटक पटक सरोकारवालाहरुसंग छलफल कार्यक्रम गरिएको ।
- वैदेशिक रोजगारीमा जाने श्रमिकहरुले तिर्नुपर्ने सेवा शुल्क सम्बन्धमा अध्ययन गरी सुझाव पेश गर्नका लागि नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०८३।०२।२९ को निर्णयानुसार कार्यदल गठन गरिएको ।
- सेवा शुल्क वैज्ञानिक एवं व्यवस्थित बनाउने सम्बन्धमा विभिन्न सरोकारवालाहरुसंग ४ पटक छलफल भएको ।
- Ethical Recruitment सम्बन्धमा सरोकारवालाहरुसंग छलफल कार्यक्रम सम्पन्न गरिएको ।
- पुनःश्रम स्वीकृति (Re-entry) लाई पूर्ण रुपमा स्वचालित प्रणालीबाट सुचारु हुनका लागि नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०८३।०२।०६ को निर्णयानुसार प्रबन्ध गरिएको ।

- पूर्व प्रस्थान अभिमुखीकरण तालिम अनलाईन र भर्चुअल माध्यमबाट समेत उपलब्ध गराउनका लागि भिडियो सामग्री तयार गरी मन्त्रालयको सामाजिक सञ्जालहरुमा संप्रेषण गरिएको ।
- वैदेशिक रोजगार सम्वद्ध विभिन्न निकाय तथा व्यक्तिहरुसंग सम्बन्धित गुनासोहरुका बारेमा करीव १०० वटा निकाय/व्यक्तिहरुलाई पत्राचार गरिएको ।

२. **नीति आप्रवासन शाखा:**

- इजरायल सरकारले सम्झौता हस्ताक्षर गरिरहन नपर्ने भनी 30 April 2026 मा कूटनोतिक नोट प्राप्त भएकोमा जसलाई नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०८३।०३।०५ को निर्णयानुसार स्वीकार गरिएको ।
- मौरिसस सरकारसंग MoU गर्नका लागि मस्यौदा तयार गरी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र परराष्ट्र मन्त्रालयको राय प्राप्त गरी समावेश गरिएको ।
- गन्तव्य मुलुकहरुसंग विभिन्न मितिमा भर्चुअल माध्यमबाट तथा गन्तव्य मुलुकका काठमाण्डौस्थित दूतावासका प्रतिनिधिहरुसंग बैठक सम्पन्न गरिएको ।
- गण्डको प्रदेशको पोखरामा राष्ट्रिय श्रम आप्रवासन नीति, २०८२ सम्बन्धी विचार गोष्ठी एवं छलफल कार्यक्रम सम्पन्न गरिएको ।

(ग) श्रम सम्बन्ध तथा सामाजिक संरक्षण महाशाखा

१. **श्रम सम्बन्ध शाखा**

- नेपालको श्रम बजारको न्यूनतम पारिश्रमिक निर्धारण तथा कार्यान्वयन प्रणालीलाई थप वैज्ञानिक, प्रभावकारी तथा श्रम बजारको वास्तविकतामा आधारित बनाउन "A Note on Strengthening Nepal's Minimum Wage System" को मस्यौदा तयार गरिएको ।
- जलवायु परिवर्तनले श्रम बजारमा पारेको प्रभाव तथा Just Transition सम्बन्धमा सरोकारवालासंग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी नीति सुधारका लागि सुझाव सहितको प्रतिवेदन तयार गरिएको ।
- अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को महासन्धिहरु Occupational Safety and Health Convention, 1981 (No.155), Promotional Framework for Occupational Safety and Health Convention, 2006 (No.187), Domestic Workers Convention, 2011 (No.189) तथा Violence and Harassment Convention, 2019 (No.190) को अनुमोदनको प्रक्रिया अगाडि प्रारम्भ गर्नका लागि अध्ययन टोलीबाट विस्तृत अध्ययन भइरहेकोs सरोकारवालासंग परामर्श तथा प्राविधिक अध्ययन कार्य सम्पन्न गरिएको ।
- अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को ११४औं अन्तर्राष्ट्रिय श्रम सम्मेलनमा माननीय श्रम मन्त्रीको नेतृत्वमा नेपाली त्रिपक्षीय प्रतिनिधिमण्डलको सक्रिय सहभागिता सुनिश्चित गरिएको । सम्मेलनमा नेपालको श्रम प्रशासन सुधार, श्रमिक अधिकार संरक्षण, सामाजिक सुरक्षा विस्तार तथा अन्तर्राष्ट्रि श्रम मापदण्ड कार्यान्वयन सम्बन्धी प्रगति प्रस्तुत गरिएको र विशिष्ट सदस्य राष्ट्र तथा ILO पदाधिकारीहरुसंग द्विपक्षीय भेटवार्ता एवं सहकार्य विस्तार सम्बन्धी छलफल सम्पन्न गरिएको ।
- न्यूनतम पारिश्रमिक कार्यान्वयनको अवस्था, चुनौति था सुधारका उपाय सम्बन्धमा झापा र विराटनगरमा सरोकारवालाहरुसंग अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्नुका साथै श्रम कानूनको प्रभावकारी कार्यान्वयन तथा असल श्रम सम्बन्ध प्रवर्द्धनका लागि बुटवल, पोखरा, विराटनगर तथा धनुषामा अन्तर्क्रिया कार्यक्रम गरी प्राप्त सुझावहरु सहितको प्रतिवेदन तयार गरिएको ।

- नेपालगञ्ज मेडिकल कलेज, भगवती हाईड्रो डेभलोपमेण्ट, त्रिवेणी स्पिनिङ्ग मिल्स र मोदी इमर्जी लिमिटेड लगायतमा भएको श्रम विवाद सम्बन्धमा मध्यस्थताबाट समाधान गरिएको ।
- आगामी आ.व. २०८३/८४ को बार्षिक बजेट तथा कार्यक्रम तर्जूमा गरिएको।
- अन्तर्राष्ट्रिय श्रम मापदण्डको कार्यान्वयन तथा नेपालको अन्तर्राष्ट्रय प्रतिवद्धता सुदृढ गर्ने क्रममा ILO को Labour Inspection Convention 1947 (No.81) तथा Protocal of 2014 to the Forced Labour Convention, 1930 (P029) संघीय संसद, प्रतिनिधिसभाबाट मिति २०८३ असार ३१ गते अनुमोदन गरिएको ।

२. <u>बाध्यकारी श्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखाः</u>

- बालश्रम (निषेध तथा नियमित गर्ने) विधेयक २०८३ को अन्तिम मस्यौदा उपर सर्वसाधारण लगायत सरोकारवालाहरुबाट राय सुझाव प्राप्त गर्नका लागि मस्यौदा मन्त्रालयको वेबसाइटमा प्रकाशन र बालश्रम (निषेध तथा नियमित गर्ने) विधेयक २०८३ को अन्तिम मस्यौदा उपर अर्थ मन्त्रालय, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र महान्यायिधवक्ताको कार्यालयको राय/परामर्श माग गरिएको ।
- राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रम (२०८३ -२०८८) स्वीकृत गरी कार्यान्वयनमा लगिएको ।
- युनिसेफ नेपालको सहयोगमा बालश्रम निवारण एवं बालश्रममुक्त स्थानीय तह घोषणा सम्बन्धमा मधेश प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम संचालन गरिएको ।
- बालश्रम (निषेध तथा नियमित गर्ने) विधेयक २०८३ को सम्बन्धमा सम्बन्धित सरोकारवालाहरुबाट प्राप्त राय सुझावहरु समेटी सो विधेयकको अन्तिम मस्यौदा तर्जुमा सहमतिका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाईएको ।
- बालश्रम निवारण एवं बालश्रममुक्त स्थानीय तह घोषणा सम्बन्धमा गोरखा र लमजुङ्ग जिल्लामा सम्बन्धित जिल्लाका स्थानीय तहहरु र सरोकारवालासहितको सहभागितामा जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रम संचालन गरिएको ।
- व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी नीतिगत व्यवस्था तथा कार्यान्वयनका सम्बन्धमा पोखरामा सरोकारवालासंग अन्तरक्रिया/अभिमुखिकरण कार्यक्रम संचालन गरिएको ।
- आ.ब. २०८२।८३ सम्म बालश्रममुक्त घोषणा भएका १३ वटा स्थानीय तहहरुलाई मन्त्रालयको सभाहलमा ताम्रपत्र र दोसल्ला ओढाई सम्मान गरिएको ।
- बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि संशोधनको प्रारम्भिक मस्यौदा तयार गरिएको।
- बालश्रम निवारण समितिको बैठक बसि बालश्रम सम्बन्धी नीति कानूनहरुको समीक्षा गरिएको ।

३. <u>श्रमिक कल्याण शाखाः</u>

- योगदानकर्ता सापटी (दोस्रो संशोधन) निर्देशिका, २०८२ स्वीकृत गरी लागु भएको।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

- सामाजिक सुरक्षा कोषको अवकाश कोष (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि २०८३ को मस्यौदा उपर छलफल तथा राय परामर्श पश्चात सामाजिक सुरक्षा कोष पठाईएकोमा, महिला, बालबालिका, यौनिक तथा लैंगिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयबाट स्वीकृत भई लागु भईसकेको।
- १३७औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा मिति २०८३ वैशाख १८ (2026 May 1) मा मन्त्रालयको सभाहलमा वृहत शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरिएको।
- नेपाल सरकारको स्वीकृत दरवन्दीभित्र करार सेवामा कार्यरत रहेका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धताको लागि कोषको विद्यमान व्यवस्था र बजेट वक्तव्यको बुँदा नं. ३५२ मा उल्लिखित १०/१० प्रतिशतको प्याकेजको प्रावधानको कार्यान्वयनका सम्बन्धमा गरिएको तुलनात्मक विश्लेषणमा आधारित अवधारणापत्र राय/सहमतिका लागि अर्थ मन्त्रालय पठाईएकोमा उक्त मन्त्रालयबाट साविकको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग समन्वय गरी उपयुक्त नीतिगत व्यवस्था सहित कार्यक्रम सञ्चालन गर्न सैद्धान्तिक सहमति प्रदान गरिएको।
- रोजगारदाता, श्रमिक, ट्रेड यूनियन र सरोकारवालाहरुसंग श्रमिक कल्याण र सामाजिक सुरक्षा सम्बन्धी प्रदेशस्तरीय अन्तरक्रिया/छलफल कार्यक्रम मिति २०८३ जेठ २२ गते लुम्बिनी प्रदेश, बुटवलमा सम्पन्न गरिएको।
- होटल तथा पर्यटन क्षेत्रमा काम गर्ने श्रमिक सरोकारवालाहरुबीच सामाजिक सुरक्षा योजनाको विषयमा अभिमुखीकरण तथा परामर्श गर्ने उद्देश्यले मिति २०८३ असार ३ गते चितवन जिल्लामा योगदानमा आधारित सामाजिक सुरक्षा विस्तार तथा प्रवर्द्धनार्थ सहजीकरणका लागि छलफल कार्यक्रम आयोजना गरिएको।
- औद्योगिक करिडोर लगायत औद्योगिक क्षेत्रहरूका महिला श्रमिकको कार्यस्थल सुरक्षा सम्बन्धी अन्तर्किया/छलफल कार्यक्रम २०८३।०३।०४ गते बीरगंज औद्योगिक करिडोरमा सम्पन्न गरिएको।

(घ) आन्तरिक रोजगार व्यवस्थापन महाशाखा

१. रोजगार समन्वय तथा सीप विकास शाखाः

- लुम्बिनी प्रदेशको बुटवल र गण्डकी प्रदेशको पोखरामा प्रदेशस्तरीय आन्तरिक श्रम बजार विस्तारका लागि सीपयुक्त जनशक्ति उत्पादन सम्बन्धमा विषयगत मन्त्रालय तथा सरोकारवाला निकायहरु बीच प्रदेश, स्थानीय तह, निजी तथा सहकारी एवं गैरसरकारी क्षेत्रसंगको साझेदारीमा अन्तर्किया कार्यक्रम सञ्चालन गरिएको ।
- बागमती प्रदेशका आर्थिक रुपमा सक्रिय शहरी, अर्ध शहरी, ग्रामीण क्षेत्र र पर्यटकीय तथा भिन्न जनसांख्यिकीय विशेषता बोकेका स्थानीय तहहरु– काठमाण्डौंको तारकेश्वर न.पा., नुवाकोटको ककनी गा.पा., ललितपुरको गोदावरी न.पा. र काभ्रेको नमोबुद्ध न.पा. नमूनाको रुपमा लिई Labour Market Assessment (LMA) अध्ययन कार्यक्रम सञ्चालन गरिएको ।

२. रोजगार कार्यक्रम व्यवस्थापन शाखाः

- न्यूनतम रोजगारीको लागि माइलस्टोनमा १७३०० तोकिएकोमा लक्षभन्दा बढी करिब २९००० हाँसिल गरिएको।

- यस मन्त्रालय र राष्ट्रिय बीमा कम्पनी लिमिटेड बीच मन्त्रालयको राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रममार्फत ७५३ वटै स्थानीय तहबाट सञ्चालन गरिने सार्वजनिक विकास तथा निर्माणिको आयोजनाहरुमा स्थानीय तहमा सूचीकृत बेरोजगारहरुको सूचीबाट खटिने श्रमिक र रोजगार सेवा केन्द्रहरुका कर्मचारीहरुको सामूहिक दुर्घटना बीमा सम्झौता गरिएको।
- गण्डकी, लुम्बिनी र सुदुरपश्चिम प्रदेशका रोजगार सेवा केन्द्रका रोजगार संयोजकहरुलाई क्षमता अभिवृद्धि तालिम र कार्यक्रमको समीक्षा प्रादेशिक रुपमा सम्पन्न गरिएको।
- रेमी परियोजनाको प्रथम चरणको परियोजना अवधि समाप्ति पश्चात दोस्रो चरणको कार्यक्रमलाई सहयोग हुने गरी No Cost Extension को आधारमा ३ महिना थप गरिएको।
- रेमी परियोजनामार्फत मधेस प्रदेशमा रेमी परियोजनाका कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन र सम्पन्न गरिएको।
- तहगत सरकार र अन्तर मन्त्रालय सहितको सहभागितामा एकीकृत नीतिगत समन्वय कार्यशाला सम्पन्न गरिएको।
- आन्तरिक रोजगार प्रवर्द्धन सम्बन्धमा निजी क्षेत्रहरुसँग कार्यशाला गोष्ठी सम्पन्न गरिएको।
- युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको Project Account स्वीकृतिको लागि सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट Verify गरी महालेखा नियन्त्रकको कार्यालयमा पठाइएको। साथै, अडिटेड प्रोजेक्ट फाइनान्सियल स्टेटमेन्ट महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा पठाइएको।
- आ.व. २०८३/०८४ मा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमलाई रोजगार, सीप तथा उद्यमशीलता केन्द्रित गरी उत्पादनशील रोजगारी र उद्यमशीलता अभिवृद्धि गर्नको लागि ७५३ स्थानीय तहका रोजगार संयोजकहरुसँग अनलाइन छलफल तथा अन्तरक्रिया सम्पन्न गरिएको।
- रोजगार व्यवस्थापन शाखा सम्बद्ध विषयहरुमा हेलो सरकारबाट प्राप्त भएका उजुरीहरुको फछ्यौंटको लागि पठाइएको।
- राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमबाट सञ्चालित आयोजनामा काम गर्दा दुर्घटना भई घाइते श्रमिकको बीमा दावी भुक्तानीका लागि राष्ट्रिय बीमा कम्पनी लिमिटेड मार्फत सहजीकरण गरिएको।
- रोजगारीको हक सम्बन्धी ऐन, २०७५ र नियमावली, २०७५ बमोजिम नयाँ रोजगार कार्यक्रमहरुको कार्यान्वयनको लागि अवधारणापत्रको मस्यौदा तयार गरिएको।

३. सूचना प्रविधि तथा तथ्याङ्क शाखाः

- वैदेशिक रोजगारबाट फर्की नेपालमा उद्यम गरेका उद्यमीहरुलाई प्रदान गरिने राष्ट्रिय सम्मान तथा पुरस्कार वितरण सम्बन्धी कार्य मिति २०८३।०३।१८ मा सम्पन्न भएको ।
- यस मन्त्रालय र अन्तर्गत निकायहरुमा भइरहेका काम कारवाहीहरु तथा नीति नियम एवं कार्यनिर्देशिका लगायतका सूचनाहरु माग गरी विभिन्न सेवाग्राहीहरुबाट दिएको निवेदन बमोजिमका सूचनाहरु उपलब्ध गराइएको ।